**राससमा २०८१ साल साउन, भदौ र असोज महिनामा भएका प्रमुख कामको विवरण**

**१. समाचार, फोटो तथा अडियो सामग्री सम्प्रेषणको विवरण**

| **समाचार सेवा** | **साउन** | **भदौ** | **असोज** | **जम्मा** |
|---|---|---|---|---|
| नेपाली समाचार | ३०१६ | २९२६ | २६१० | ८,५५२ |
| नेपाली खोजमूलक समाचार | ६९ | ७६ | ९७ | २४२ |
| अङ्ग्रेजी समाचार | ९९२ | ९०५ | ९०५ | २८०२ |
| अन्तरर्राष्ट्रिय समाचार | ५२१ | ४९६ | ४७४ | १४९१ |
| अन्तरराष्ट्रिय समाचार अङ्ग्रेजी | १४१६ | १४१४ | १४७० | ४३०० |
| राष्ट्रिय तस्बिर | २०१० | २२१२ | २१३० | ६३५२ |
| अन्तरराष्ट्रिय तस्बिर | ६७१० | ७१५१ | ७००५ | २०८६६ |
| अडियो | ९४ | ७५ | ६३ | २३२ |
| भिजुअल क्लिप | ६६२ | ७८३ | ५३९ | १९८४ |
| **जम्मा** | **१५,४९०** | **१६,०३८** | **१५,२९३** | **४६८२१** |

**२. आ.व. २०८१/०८२ को साउन १ गतेदेखि असोज मसान्तसम्म सम्पादन भएका महत्वपूर्ण कार्यहरू**

- **भिडियो सेवालाई निरन्तरता :** राससले आफ्नो सेवालाई विस्तार गर्न श्रव्यदृष्य (भिडियो) सेवा प्रारम्भ गरेको छ । आउटसोर्सिङ गरेर साउन १ गतेदेखि भिडियो सेवा सञ्चालनलाई निरन्तरता दिएको छ । श्रव्यदृष्य सेवा सञ्चालन निर्देशिका र कार्यविधि समितिबाट स्वीकृत गराई सो सेवा निरन्तर सञ्चालनमा रहेको छ । यस सेवालाई थप प्रभावकारी बनाउन सेवाग्राहीहरूको मागका आधारमा FTP प्रविधिबाट सञ्चालन गरिएको छ ।

- **वार्षिक समीक्षा बैठक :** आर्थिक वर्ष २०८०/०८१ को वार्षिक समीक्षा बैठक २०८१ साउन १४ गते रासस केन्द्रीय कार्यालयको सभाकक्षमा माननीय सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वीसुब्बा गुरुङज्यूको प्रमुख आतिथ्यमा सम्पन्न भएको । विगत एक वर्षको राससको कामकारबाही बारे सबैलाई जानकारी भएको र यसले सुशासन प्रवद्र्धनमा सहयोग पुगेको ।

- साउन १६ गते रासस र चाइना मिडिया ग्रुप सिएमजीबीच प्रविधि हस्तान्तरण, तालिम प्रशिक्षण र अनुभव आदनप्रदानमा सहकार्य गर्नेबारे छलफल भएको ।

- साउन २४ गते कार्यकारी अध्यक्ष धर्मेन्द्र झा तथा महाप्रबन्धक सिद्धराज राई र कतार दुतावासका टोलीसँग समाचार सेवा सम्बन्धमा छलफल भएको ।

- साउन २५ गते कार्यकारी अध्यक्ष धर्मेन्द्र झा तथा महाप्रबन्धक सिद्धराज राई रप प्रसार भारतीका नेपाल प्रतिनिधि स्वेता सिन्हासहित टोलीसँग समाचार सेवा सम्बन्धमा छलफल भएको ।

- **रासस मिडिया सङ्ग्रहालयको शुभारम्भ :** माननीय सञ्चार तथा सूचना प्रविधि मन्त्री पृथ्वीसुब्बा गुरुङको प्रमुख आतिथ्यमा २०८१ साल साउन ३२ गते रासस केन्द्रीय कार्यालयमा रासस मिडिया सङ्ग्रहालयको शुभारम्भ ।

- **सेवाग्राहीसँग संवाद :** राससले अर्धवार्षिक रुपमा आयोजना गर्दै आएको सेवाग्राहीसँग रासस अभियानअन्तर्गत २०८१ साउन ३२ गते रासस केन्द्रीय कार्यालयको सभाकक्षमा सेवाग्राहीसँग संवाद (छलफल) कार्यक्रमको आयोजना ।

- **चौबिसै घन्टा नेपाली भाषामा समाचार सेवा सञ्चालन :** २०८१ भदौ ११ देखि परीक्षणका रूपमा शुरु भएको चौबिसै घन्टा नेपाली भाषामा समाचार सेवाको माननीय सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वीसुब्बा गुरुङको प्रमुख आतिथ्यमा विसं २०८१ भदौ १७ गते रासस केन्द्रीय कार्यालयको सभाकक्षमा एक समारोहबीच औपचारिक रूपमा शुभारम्भ ।

- **E-Attandance Machine जडान :** समितिको कोशी, मधेस र बागमती प्रदेश कार्यालयमा मिति २०८१।०५।३० र ३१ गते E-Attandance Machine जडान गरी कर्मचारीको हाजिरी अझ व्यवस्थित किसिमबाट राख्न थालिएको ।

- भदौ ३० गते सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका सचिव र राष्ट्रिय समाचार समितिका कार्यकारी अध्यक्ष धर्मेन्द्र झाबीच कार्यसम्पादन सम्झौता भएको ।

- **मैथिली र नेपाल भाषाका सरोकारवालाहरूसँग छलफल :** राससले मैथिली तथा नेपाल भाषा (मातृभाषा) मा समाचार सेवा सञ्चालनको तयारीका सन्दर्भमा २०८१ भदौ ३० गते नेपाल भाषाका सरोकारवालासँग र २०८१ असोज ६ गते मैथिली भाषाका सरोकारवालासँग छलफल गरियो ।

- **मिडिया सङ्ग्रहालयको अवलोकन :** भदौ ३० गते अष्ट्रेलियाली पत्रकार (अष्ट्रेलियन फिल्म टेलिभिजन तथा रेडियो स्कूलकी कार्यक्रम संयोजक) नाटाली पोर्डिभ र अष्ट्रेलियन सामुदायिक प्रसारक सङ्घका कार्यकारी प्रमुख जोन बिसेटले राष्ट्रिय समाचार समिति (रासस)को केन्द्रीय कार्यालयमा स्थापित मिडिया सङ्ग्रहालयको अवलोकन भएको ।

- **सवारी साधनमा जिपिएस मेसिन जडान :** राससका कर्मचारीका लागि प्रयोग हुने सवारी साधनहरूलाई व्यवस्थित, प्रभावकारी र समुचित प्रयोग गरी यसबाट हुने खर्चलाई मितव्ययी वनाउनका लागि यसको अनुगमन तथा नियमन गर्ने उद्देश्यले पाँच वटा सवारी साधनमा जिपिएस मेसिन जडान गरिएको छ । यसैगरी सवारीसाधन प्रयोग गर्ने कर्मचारीलाई घरबाट कार्यालय र कार्यालयबाट घर ल्याउने/पुर्याउने समयवाहेकको अवस्थामा सवारीसाधन सञ्चालनका लागि कुपनको व्यवस्थापन तथा सवारीसाधन प्रयोग गर्ने कर्मचारीले सवारीसाधन लगबुकमा हस्ताक्षर गर्ने/गराउने तथा प्रत्येक महिना त्यो लगबुकको analysis गरी त्यसको प्रतिवेदन प्रशासन प्रमुखसमक्ष पेश गर्न शाखा अधिकृत सुवास ढुङ्गानालाई जिम्मेवारी दिएको छ । यसले समितिको कार्यलाई थप चुस्त, दुरुस्त, प्रभावकारी र तोकिएकै समयमा सम्पन्न गराउन तथा राससको खर्च मितव्ययी हुने विश्वास लिएको ।

- **प्रतिवेदन पेश :** संविधान दिवस-२०८१ लाई भव्य र सभ्यरूपमा मनाउनका लागि सञ्चार तथा सूचना प्रविधि मन्त्रालयबाट प्राप्त निर्देशनानुसार राससले समाचार महाशाखाका प्रमुखद्वारा प्रस्ताव गरेको कार्ययोजनाबमोजिम असोज १ देखि ५ गतेसम्म (पाँच दिन) योजनाबद्ध रूपमा लेख, रचना, विचार, तस्बिर र अन्तर्वार्तालगायत विशेष सामग्री प्रकाशन/प्रसारण गरियो । संविधान दिवस-२०८१ का अवसरमा राससबाट सम्प्रेषित समाचार, विचार, आलेख र अन्तर्वार्ता सम्बन्धी प्रतिवेदन सञ्चार तथा सूचना प्रविधि मन्त्रालयमा पेश गरिएको ।

- **'डिजिटल रिपोर्टिङ ज्ञान र गलत सूचना पहिचान' सम्बन्धी प्रशिक्षण कार्यक्रमको आयोजना :** राष्ट्रिय समाचार समिति (रासस)ले नवीनतम् प्रविधिको प्रयोग गरी आफ्ना जनशक्तिको क्षमता अभिवृद्धि तथा गुणस्तरीय समाचार सामग्री उत्पादनमा सहयोग गर्ने उद्देश्यले 'गुगल न्यूज इनिसिएटिभ'को सहकार्यमा रासस केन्द्रीय कार्यालयमा विसं २०८० असोज १ र २ गते आयोजित 'डिजिटल रिपोर्टिङ ज्ञान र गलत सूचना पहिचान' सम्बन्धी प्रशिक्षण कार्यक्रमको आयोजना गर्‍यो । गुगल न्यूज इनिसिएटिभ र एसिया-

अमेरिका जर्नलिस्ट एसोशिएसनका तर्फबाट सञ्चारकर्मी श्री प्रवेश सुवेदीको प्रस्तावका आधारमा आयोजित सो कार्यक्रममा ३० जनाभन्दा बढी राससकर्मीको सहभागिता रहेको थियो ।

- **प्रधानमन्त्री राहत कोषमा कर्मचारीबाट रकम जम्मा :** विसं २०८१ असोज १० गतेदेखि लगातार तीनदिन परेको अविरल वर्षाका कारण बाढीपहिरोबाट उत्पन्न विपद्जन्य परिस्थितिमा उद्धार, राहत र पुनःनिर्माणका लागि रा.प. विशिष्ट श्रेणी सरह ५, प्रथम श्रेणी ४, रा.प. द्वितीय श्रेणी ३, तृतीय श्रेणी २ तथा राजपत्र अनङ्कित र श्रेणीविहीन कर्मचारीको १ दिन बराबरको तलब असोज ३० गते प्रधानमन्त्री राहत कोषमा जम्मा गर्न अनुरोध भई आएकोमा सोहीअनुसार राससमा कार्यरत सम्पूर्ण कर्मचारीको तलब कट्टा गरी रु. ३,२६,०३८।- (अक्षरेपी रुपियाँ तीन लाख छब्बिस हजार अड्तिस) प्रधानमन्त्री राहत कोषमा जम्मा गरेको छ ।

- **रासस मैथिली र नेपाल भाषा समाचार सेवाको शुभारम्भ :** संविधानले निर्दिष्ट गरेको सिद्धान्तलाई अङ्गिकार गर्न रासस कटिबद्ध छ । बहुलवादको अवधारणालाई आत्मसात् गरी राससले विभिन्न (मातृ) भाषामा समाचार बुलेटिन प्रकाशित गरी मिडिया बहुलवादको नीति कार्यान्वयन गरेको छ । विक्रम संवत् २०८१ असोज २९ गतेदेखि परीक्षणका रूपमा सञ्चालनमा आएको रासस मैथिली र नेपाल भाषा समाचार सेवाको माननीय सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वीसुब्बा गुरुङको प्रमुख आतिथ्यमा विसं. २०८१ कात्तिक ४ गते रासस केन्द्रीय कार्यालयको सभाकक्षमा एक समारोहबीच औपचारिक शुभारम्भ गरेको छ । सो सेवा सञ्चालनका लागि ४ जना भाषा अनुवादक कर्मचारी करारमा नियुक्त गरिएको छ ।

- **सम्माननीय प्रधानमन्त्रीज्यूको भ्रमण प्रतिवेदन प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा बुझाएको:** सम्माननीय प्रधानमन्त्री केपी शर्मा ओली संयुक्त राज्य अमेरिकाको न्यूयोर्कस्थित संयुक्त राष्ट्रसंघको मुख्यालयमा सम्पन्न संयुक्त राष्ट्रसंघको ७९औँ महासभामा नेपाली प्रतिनिधिमण्डलको नेतृत्व गर्दै सहभागी हुनुभयो । सो महासभामा राससको तर्फबाट सहभागी हुनुभएका वरिष्ठ समाचारदाता श्री प्रकाश सिलवालले सम्माननीय प्रधानमन्त्रीज्यूको सहभागितासँग सम्बन्धित सम्प्रेषण गरेको समाचारसहितको भ्रमण प्रतिवेदन प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा बुझाउनुभयो ।

- **बाढीपहिरोसँग सम्बन्धित समाचार सामग्री प्रतिवेदन सञ्चार तथा सूचना प्रविधि मन्त्रालयमा बुझाइएको :** बाढीपहिरोबाट विपद्मा परेकाहरूको राहत र उद्धारका स्थलगत समाचार सङ्कलनका लागि राससका स्थानीय समाचारदाता (स्ट्रिङ्गर) लाईसमेत परिचालन गरी सोसम्बन्धी समाचारलाई उच्च प्राथमिकताका साथ सम्प्रेषण गरेको र मनसुनका कारण भएको क्षति, राहत, उद्धार र पुनर्निर्माणसँग सम्बन्धित सम्प्रेषित समाचार सामग्री प्रतिवेदन सञ्चार तथा सूचना प्रविधि मन्त्रालयमा पठाइएको छ ।

- **खोजी समाचार उपसमिति :** खोजी समाचार सम्प्रेषण व्यवस्थापन गराउन एक उपसमिति गठन भएको । नायब महाप्रबन्धक श्री सोमनाथ लामिछानेको संयोजकत्वमा उक्त समिति गठन भएको हो ।

❑❑❑